# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १७० | काठमाडौं | सोमबार, ३१ असोज २०७९ | Prabhab National Daily | Monday, October 17, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## गौतमबुद्ध विमानस्थलमा रोकियो दैनिक उडान

**भैरहवा–** गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक हुँदै आएको एक मात्र उडान पनि रोकिएको छ । यात्रु नभएको बताउँदै जजिरा एयरवेजले दैनिक हुँदै आएको उडानलाई सातामा तीन पटक गर्ने जानकारी दिएको छ ।

जजिराले असोजको २६, २७ र २८ गते हुनुपर्ने उडान रोकेपछि उक्त विमान हुँदै वैदेशिक रोजगारीमा जाने यात्रुलगायत अन्य यात्रुसमेत प्रभावित भएका छन् । यात्रुहरू गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमै रातभरी बसेर विमान कुरे पनि जजिराले उडान गरेन । तीन दिनसम्म जम्मा भएका यात्रुहरूमध्ये केही पर्यटक मात्र बोकेर शनिबार जजिराले एउटा उडान भरेको गौतमबुद्ध अन्तर्राष्ट्रि विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले जानकारी दिए ।

**यात्रु नपाएको कारण उडान कम गर्नुपरेको जजिरा एयरवेजका कन्ट्री म्यानेजर अमित नागरथको भनाइ । सातामा तीन उडान गरिने ।**

दाहालले जजिरा एयरवेजको आधिकारिक प्रतिनिधिले जहाजको लिज सकिएको र नयाँ जहाज खरिद गर्ने प्रक्रियामा रहेको कारण नियमित उडान प्रभावित हुने जानकारी गराएको बताए । उनले अक्टोबर महिनामा जजिराले नियमित उडान गर्न नसक्ने बताउँदै अक्टोबरपछि उडान नियमित हुने आश्वासन पाएको बताए । 'जजिराले आफ्ना नयाँ जहाज लिन केही समय लाग्ने भन्दै केही समय उडान रोक्ने बताएको थियो । उडान नै रोक्दा यात्रुलाई समस्या हुने भएकाले दैनिकरूपमा उडान गर्न नसके पनि एक दिन बिराएर उडान गर्ने हिजो सहमति भएको छ,' दाहालले भने, 'तीन दिनसम्म उडान नहुँदा यात्रु रोकिएका थिए । शनिबार जजिराले उडान गरेपछि केही समस्या हल भएको छ ।'

विमाननस्थलका प्रमुखले नयाँ जहाजको समस्या बताइरहँदा जजिरा एयरवेजका कन्ट्री म्यानेजर अमित नागरथले भने यात्रु नपाएको कारण उडान कम गर्नुपरेको बताए । ' पहिला सातामा तीनवटा उडान गरिरहेका थियौं, राम्रै यात्रु पायौं,' (बाँकी पृष्ठ ७ मा)

# सत्यमोहनको महाप्रस्थान



**ललितपुरको इमाडोलस्थित किष्ट मेडिकल कलेज तथा शिक्षण अस्पताल परिसरमा राखिएको वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्दै अस्पतालका स्वास्थ्यकर्मी र सर्वसाधारण ।** *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

## किस्टमै राखियो जोशीको शव

**काठमाडौं (प्रस)–** वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको शव नजलाई ललितपुरको किस्ट अस्पतालमै राखिएको छ । २०७७ माघ ३० गते ललितपुर महानगरपालिकाको रोहबरमा जोशीले आफ्नो शरीर अध्ययनका लागि किस्ट अस्पताललाई दिन सम्झौता गरेका थिए ।

त्यस कार्यक्रममा उनले भनेका थिए, 'संस्कृतमा एउटा श्लोक छ- जीवेम शरदम् शतम् भन्ने, सोहीअनुसार पनि म १०० वर्ष त बाँचिसकें । यति समयसम्म मेरो फोक्सोको अवस्था कस्तो थियो ? मुटुको अवस्था कस्तो छ ? सबै जानकारी चिकित्सा क्षेत्रका विद्यार्थीहरूले अध्ययन गरेर पत्ता लगाउन् भन्ने उद्देश्यले मरणोपरान्त अरू सबै संस्कार गरिसकेपछि शरीर दान गर्न लागेका हौं ।'

उनले आफ्नो इच्छाअनुसार नै शरीर दान गर्ने सहमति गरेका थिए । आइतबार उनको निधन भएपछि बुवाको शरीर अस्पताल प्रशासनले के-कसरी राख्ने हो भन्नेबारे उनका छोराहरूले चासो व्यक्त गरेका थिए ।

अस्पतालका निर्देशक प्रा.डा. सुरज बज्राचार्यले आफूहरूले सत्यमोहनको शरीर संरक्षण तथा अध्ययन गर्ने ढाँचा पहिल्यै तयार पारिसकेको जानकारी गराएका थिए । छलफलमा उनका जेठा छोरा अनुराज जोशीले आफूलाई अस्पतालबाट हस्ताक्षर गर्न आएको पत्रबारे पनि जानकारी गराए । बुवाको मृत्युपछि अन्तिम संस्कार नगरिने (नजलाउने) र अस्पतालले नै राखिने भनेपछि उनी हच्किएको पनि सुनाएका थिए ।

छलफलमा सहभागी भएका प्राध्यापक डाक्टर (बाँकी पृष्ठ ७ मा)

■ **प्रभाव संवाददाता**

> ललितपुरको ग्वार्कोस्थित किस्ट मेडिकल कलेजमा उपचाररत जोशीको आइतबार बिहान ७ बजेर ९ मिनेटमा निधन भएको हो ।

**काठमाडौं–** संस्कृतिविद् एवं वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको आइतबार १०३ वर्षको उमेरमा निधन भएको छ । ललितपुरको ग्वार्कोस्थित किस्ट मेडिकल कलेज तथा शिक्षण अस्पतालमा उपचाररत जोशीको आइतबार बिहान ७ बजेर ९ मिनेटमा निधन भएको अस्पतालका निर्देशक सुरज बज्राचार्यले जानकारी दिए ।

स्वास्थ्यमा समस्या देखिएपछि जोशीलाई असोज ७ मा अस्पताल भर्ना गरिएको थियो । पछिल्लो समय स्वास्थ्यमा थप प्रतिकूलता देखिएपछि उनलाई सघन उपचार कक्ष (आइसियू)मा राखेर उपचार गरिँदै थियो । अस्पतालका अनुसार उपचाररत जोशीको स्वास्थ्य अवस्था शुक्रबार जटिल बनेको थियो । जोशीलाई बिहीबारदेखि नै धेरै अक्सिजन दिनुपरेको थियो भने मुटुको चालमा पनि समस्या रहेको थियो । पछिल्लोपटक उनलाई डेंगुको संक्रमणका साथै पिसाबमा पनि संक्रमण देखिएका कारण अस्पताल भर्ना गरिएको थियो । उनी मुटु र फोक्सोका पनि दीर्घरोगी थिए ।

जोशीको जन्म बाबु शंकरराज जोशी र आमा राजकुमारीका पुत्रका रूपमा वि.सं. १९७७ वैशाख ३० गते बखुम्बहाल, ललितपुरमा भएको थियो । निधन हुनुअघि एक भिडियो अन्तर्वार्तामा उनले ढिलो-चाँडो सबैको मृत्यु हुने र आफूलाई मृत्युको भय नभएको बताएका थिए । 'अमर हुने त कोही पनि हैन, ढिलो-चाँडो एक दिन खुत्रुक्क भइहालिन्छ । काल आइहाल्छ । काललाई त हामीले रोक्न सकिँदैन । हामीले काललाई बोकेर हिँडिरहेका छौं,' उक्त अन्तर्वार्तामा उनले भनेका थिए, 'जन्मेदेखि नै काल हाम्रो भित्र रहेको छ । त्यसैले कालदेखि डराउने कुरा नै हुँदैन ।'

जोशीले आफू १०० वर्षभन्दा धेरै उमेर बाँच्नुको रहस्य भनेको 'केही कुराको चिन्ता नगर्ने' बताउँथे । 'यो भएन, त्यो भएन भनेर चिन्ता गर्नु हुँदैन । तर, चिन्तनचाहिँ गर्नुपर्छ,' उनको भनाइ थियो, 'म को हुँ ? एक दिन त मरिन्छ । मर्नुभन्दा अगाडि आफूले के गर्न सक्छु त्यो काम गर्नुपर्छ ।'

संस्कृतिविद् जोशीले नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव र नेपाल भाषा एकेडेमीका कुलपतिको रूपमा कार्य गरी नेपाली प्रज्ञाको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे । कर्णालीको भाषा, साहित्य र संस्कृति प्रकाशनमा उनी र उनको समूहको ठूलो योगदान रहेको छ । संस्कृतिको क्षेत्रमा अतुलनीय योगदान गरेका जोशीले तीनपटक मदन पुरस्कार प्राप्त गरेका थिए । यसरी तीन पटक मदन पुरस्कारबाट विभूषित हुने उनी पहिलो व्यक्ति हुन् ।

नेपालका विभिन्न गाउँ-गाउँमा गएर गीत संकलन गर्दै जाँदा उनले ' लोक संस्कृति' नामक पुस्तक लेखे । पछि गएर यही पुस्तकले २०१३ सालमा मदन पुरस्कार पाएको थियो । यस्तै, नेपालमा लिच्छवीकालदेखि आधुनिक नेपालसम्म प्रयोग भएका मुद्राहरूको खोजतलास गरे र, यही सेरोफेरोमा लेखिएको 'नेपाल राष्ट्रिय मुद्रा' नामक पुस्तकका लागि २०१७ मा उनले दोस्रोपटक मदन पुरस्कार पाए । तेस्रोपटक २०२८ सालमा उनले 'कर्णाली लोक संस्कृति' पुस्तकका लागि मदन पुरस्कार पाए । हालसम्म तीनपल्ट मदन पुरस्कार पाउने उनी एक्ला व्यक्ति हुन् ।

जोशी पुरातत्त्व विभाग (नेपाल)को पहिलो निर्देशक पनि हुन् । वि.सं. २०१५ मा केवल ३८ वर्षको उमेरमा उनी पुरातत्त्व विभाग (नेपाल)को निर्देशक बनेका थिए । नेपाली भाषा, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासमा लागि परेका हुनाले जोशीको योगदानको कदरस्वरूप उनलाई सुप्रबल गोर्खा दक्षिणबाहु, विख्यात त्रिशक्ति पट्ट, आदिकवि भानुभक्त पुरस्कार तथा काठमाडौं विश्वविद्यालयले विद्यावारिधिको मानार्थ प्रमाणपत्र प्रदान गरेको थियो । (बाँकी पृष्ठ ५ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

श्रम मन्त्रालयको बेरूजु फर्स्योट कार्ययोजना

# चालु आवभित्रै शून्यमा झार्ने लक्ष्य

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बेरुजु फर्स्योटका लागि कार्ययोजना सार्वजनिक गरेको छ । मन्त्रालयले आफू तथा आफ्नो मातहतका विभाग र कार्यालयहरूमा रहेका बेरुजुलाई चालु आर्थिक वर्षको अन्त्यसम्म शून्यमा झार्ने लक्ष्यका साथ कार्ययोजना सार्वजनिक गरेको हो । मन्त्रालयले सोही लक्ष्यअनुसार काम गर्न मातहतका निकायहरूलाई निर्देशनसमेत दिएको छ ।

बेरुजुलाई आर्थिक अनुशासन पालनाको स्थिति चित्रण गर्ने ऐनाको रूपमा हेरिने भन्दै मन्त्रालयले बजेट कार्यान्वयनमा अनुशासन कायम गर्न आम्दानी र खर्चको लेखांकन एवं प्रतिवेदन प्रणालीको विश्वसनीयतामाथि लेखापरीक्षण हुने जनाएको छ । 'सबै बेरुजु भ्रष्टाचार होइन तर भ्रष्टाचारको सुरुआत बेरुजुबाट हुन्छ' भन्ने भनाइबाट आर्थिक अनुशासन कायम गरी नतिजाको सुनिश्चितता गर्दै बेरुजु न्यूनीकरण गर्दै जानुपर्ने मन्त्रालयले उल्लेख गरेको छ । नेपालको मौजुदा कानुनले 'प्रचलित कानुनबमोजिम पुर्‍याउनुपर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्‍याइएको कारोबार'लाई बेरुजु परिभाषित गरेको छ ।

मन्त्रालयले लेखापरीक्षणबाट देखिएका बेरुजुहरूको फर्स्योटका लागि बजेट व्यवस्थापन, राजस्व व्यवस्थापन, खरिद व्यवस्थापन, लेखापालन र प्रतिवेदन, अभिलेख व्यवस्थापन, आन्तरिक नियन्त्रण र जिम्मेवारी वहनसहितका क्षेत्रहरूमा केन्द्रित हुने रणनीतिअनुरूप कार्ययोजना अवलम्बन गरेको जनाएको छ । यसका लागि निकायगत अभिलेख अद्यावधिक र निकायगत कार्ययोजना तयार गरी बजेट तथा कार्यक्रम कार्यान्वयन भएको सन्दर्भमा बेरुजु फर्स्योटका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने मन्त्रालयले उल्लेख गरेको छ । चालु आर्थिक वर्ष २०७९/८० मा मन्त्रालयले समष्टीगतरूपमा कूल बेरुजु रकमको न्यूनतम ५५ प्रतिशत फर्स्योट गर्ने लक्ष्य लिएको छ भने मातहतका विभाग, प्रतिष्ठान र कार्यालयहरूलाई कूल रकमको ६० प्रतिशत बेरुजु फर्स्योट गर्नुपर्ने व्यवस्था गरेको छ ।

समग्रमा बेरुजु रकम सतप्रतिशत नै फर्स्योट गरी शून्यमा पुर्‍याउने कार्यलाई प्रथमिकतामा राखेर मन्त्रालयले विस्तृत लक्ष्य र समय तालिकासमेत तोकेको छ । मन्त्रालयको कार्ययोजनाअनुसार प्रथम त्रैमासिकमा २० प्रतिशत, दोस्रो त्रैमासिकमा ५० प्रतिशत, तेस्रो त्रैमासिकमा ७० प्रतिशत र चौथो त्रैमासिकमा सतप्रतिशत बेरुजु फर्स्योट गर्नुपर्नेछ । यस्तै प्रत्येक त्रैमासिकरूपमा प्रगति प्रतिवेदन तयार गर्ने र बेरुजु फर्स्योटसम्बन्धी छलफल गर्नुपर्नेछ । श्रम मन्त्रालयसहित विभाग, प्रतिष्ठान र कार्यालय गरी बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने २३ वटा निकायहरू रहेकोमा १५ वटा निकायबाट बेरुजु फर्स्योट हुनुपर्ने मन्त्रालयले जनाएको छ ।

आर्थिक वर्ष २०७७/७८ सम्मको बेरुजु रकमको तथ्यांकका अधारमा श्रम मन्त्रालयले २४ करोड २१ लाख ८१ हजार रूपैयाँ फर्स्योट गर्नुपर्नेछ । वैदेशिक रोजगार विभागले २५ लाख नौ हजार रूपैयाँ र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले सात लाख ३६ हजार रूपैयाँ फर्स्योट गर्नुपर्ने महालेखापरीक्षकको कार्यालयले औंल्याएको छ । मन्त्रालयअन्तर्गतको सामाजिक सुरक्षा कोषले नौ हजार रूपैयाँ बेरुजु फर्स्योट गर्न बाँकी छ ।

यसैगरी वैदेशिक रेजगार बोर्ड सचिवालयमा छ करोड १५ लाख ९५ हजार रूपैयाँ बेरुजु कायम छ । मन्त्रालयअन्तर्गतकै व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैंसेपाटीले नौ लाख ६६ हजार रूपैयाँ बेरुजु फर्स्योट गर्नुपर्नेछ । यस्तै व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान इटहरी र बुटवलले क्रमशः ८५ लाख पाँच हजार र एक लाख ३४ हजार रूपैयाँ बेरुजु फर्स्योट गर्नुपर्नेछ ।

वैदेशिक रोजगार न्यायाधिकरणमा ६२ हजार र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रमा आठ लाख ९२ हजार रूपैयाँ बेरुजु देखिएको छ । यस्तै वैदेशिक रोजगार कार्यालय ताहचल, बुटवल, नेपालगञ्ज र धनगढीमा क्रमशः १५ लाख १९ हजार, एक लाख ५६ हजार, तीन लाख ६६ हजार र ५३ हजार रूपैयाँ बेरुजु कायम छ ।

बेरुजुलाई शून्य बनाउनेगरी काम गर्ने र आगामी दिनमा बेरुजु सिर्जना हुन नदिने कार्य अभ्यासमा सुधार गरिने मन्त्रालयको कार्ययोजनमा उल्लेख छ । यसअघि महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा श्रम मन्त्रालयसँग सम्बद्ध बेरुजु देखाउँदै बुँदागत रूपमा सुधार गर्नुपर्ने सुझाव दिएको थियो । सोही प्रतिवेदनका आधारमा बेरुजु फर्स्योट कार्यान्वनका लागि कार्ययोजना तयार पारेको मन्त्रालयले जनाएको छ ।




हार्दिक मंगलमय शुभकामना

डेंगी रोग नियन्त्रणमा जुटौं ।
स्वास्थ्य सतर्कता अपनाएर चाडवाड मनाऔं ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वत ११४३ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वत ११४३ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।
**प्रिन्सिपल तथा अरनिको कलेज परिवार**
विराटनगर- १० ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वत ११४३ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।
**अध्यक्ष दुर्गा बहादुर बस्नेत, महासचिव रूद्र कार्की**
**एवम् कोशी पेट्रोलियम डिलर्स एशोसिएशन परिवार विराटनगर**

विजयादशमी, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वत ११४३ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।
**विजयराज प्रसाई**
**होटल नमस्कार रेजेन्सी, विराटनगर-१० ।**

विजयादशमी, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वत ११४३ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।
**विशाल केडिया, अध्यक्ष**
**नेपाल अग्रवाल सभा विराटनगर परिवार ।**

विजयादशमी, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वत ११४३ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।
**संजय यादव**
**कोषाध्यक्ष, निर्माण व्यवसायी संघ मोरङ, विराटनगर ।**

विजयादशमी, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वत ११४३ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।
**निर्देशक तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**विराटनगर ।**

**डा. ज्ञानेन्द्र मान सिंह कार्की**
**अध्यक्ष**
**एवम्**
**बिराटनगर अस्पताल प्रा.लि. परिवार**
**(बिराट नर्सिङ्ग होम)**
धरान रोड, बिराटनगर-३, मोरंग, फोन: ०२१-५३१०४२, ५२२१४४

# अलबिदा सत्यमोहन जोशी...






१) प्रधानमन्त्री शेरबहादुर देउवा पुल्चोकस्थित ललितपुर महानगरपालिकाको प्रांगणमा राखिएको जोशीको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्दै । २) जोशीको पार्थिव शरीरमा सलामी अर्पण गर्दै नेपाल प्रहरी । ३) श्रद्धाञ्जली अर्पण गर्दै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल । ४) वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ जोशीको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्दै । *तस्बिरः रासस*

# नागरिकतापीडितका समस्या घोषणापत्रमा सम्बोधन गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** बाबुआमाको जन्मसिद्ध नागरिकताको प्रमाणपत्र भएर पनि वर्षौंदेखि नागरिकता नपाएका पीडितले यो विषयलाई आगामी निर्वाचनको घोषणापत्रमा समावेश गर्न माग गरेका छन् ।

महिला, कानुन र विकास मञ्चले आइतबार यहाँ आयोजना गरेको 'आसन्न निर्वाचनका सन्दर्भमा नागरिकताबाट वञ्चित व्यक्तिको सरोकार' विषयक सञ्चारकर्मीसँगको छलफल कार्यक्रममा नागरिकतापीडितले समस्या समाधान गर्ने सम्बन्धमा राजनीतिक दलको विचार घोषणापत्रमै उल्लेख हुनुपर्नेमा जोड दिएका हुन् । धनुषाको गणेशनाथ नगरपालिका वडा नं ३ भरतपुरका २९ वर्षीय इन्द्रजीत साफी डेरा र होटलमा बास बस्नसमेत नागरिकता चाहिने अवस्थामा नागरिकतापीडितले पाइलापाइलामा समस्या भोग्ने गरेको गुनासो गरे ।

यो समस्याका विषयमा राष्ट्रपति, प्रधानमन्त्री, गृहमन्त्रीलगायतलाई ज्ञापनपत्र दिइए पनि समस्या समाधान नभएकाले राजनीतिक दलले नागरिकतापीडितका समस्या समाधान गर्नेबारेमा ठोस नीति ल्याउन आवश्यक रहेको उनले बताए । नागरिकतापीडितले साफीको नेतृत्वमा संघर्ष समिति गठन गरेर १५ जिल्लाका नागरिकताविहीनलाई संगठित गरेका छन् । उक्त समितिले पनि विभिन्न दबाबमूलक कार्यक्रम आयोजना गर्दै आएको छ ।

'माइतीघरमा धर्नामा बस्दा भारतीय भनेर हाम्रो आत्मसम्मान र स्वाभिमानमा ठेस लगाउने काम भयो, संसद्को दुवै सदनबाट पारित विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्नुभएन । २०७८ जेठमा यही विषय अध्यादेशबाट आउँदा केही छिनमै स्वीकृति दिने राष्ट्रपतिले संसद्बाट दुईपटक पारित भएको विधेयक भने प्रमाणीकरण गर्नुभएन,' उनले भने ।


खोटाङका २२ वर्षीय प्रतीक सुनारको समस्या पनि उस्तै छ । सुनारका बाबुको वंशजको नागरिकता भए पनि हाल हङकङमा रहेकाले सनाखत गर्न आउन नसकेर उनले नागरिकता पाएका छैनन् । आमा नेपालमै भए पनि सनाखतका लागि जिल्ला प्रशासन कार्यालयले बाबुलाई नै खोजेको छ । बाबुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिका आधारमा अरुले सनाखत गरेकाले उनले नागरिकता पाउन सकेनन् ।

झापाका २५ वर्षीय परहत बानुले राम्रो रोजगारी पाउने आशामा एयर होस्टेसको कोर्स पूरा गरे पनि नागरिकताको अभावमा अहिलेसम्म बेरोजगार भौंतारिन बाध्य हुनुपरेको छ । सानी छोरीलाई विद्यालयमा भर्ना गर्न जन्मदर्ता खोजेको र नागरिकता नहुँदा विवाह एवं जन्मदर्ताको प्रमाणपत्र पाउन नसकेकाले समस्या भोग्न बाध्य हुनुपरेको उनले सुनाए ।

नागरिकता नपाएर पीडित हुने यी तीन त प्रतिनिधि पात्रमात्र हुन् । जन्मसिद्ध नागरिकता पाएकाका सन्तति पाँच लाख र एकल आमाका सन्तान छ लाख गरी ११ लाख नागरिक अहिले नागरिकताविहीन रहेको मञ्चका कार्यकारी निर्देशकसमेत रहेका अधिवक्ता सविन श्रेष्ठले बताए । यो समस्या समाधानका लागि आगामी निर्वाचनअघि जारी हुने घोषणापत्रका माध्यमबाट सम्बोधन गर्न आग्रह गरिएको पनि उनले सुनाए ।

# प्रत्यक्षतर्फ ४४ लाख मतपत्र छापियो

■ प्रभाव संवाददाता



**काठमाडौं–** निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित प्रणाली (प्रत्यक्ष)तर्फ हालसम्म ४४ लाख २१ हजार मतपत्रको छपाइ सकेको छ । छपाइ भएकामध्ये प्रदेशसभा सदस्य निर्वाचनका लागि २१ लाख ३८ हजार र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि २२ लाख ५६ हजार मतपत्र रहेका छन् ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको छपाइ यसअघि नै सकिएको छ । हाल जिल्ला जिल्लामा समानुपातिकतर्फको मतपत्र ढुवानी भइरहेको छ । आजसम्म ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, भोजपुर, संखुवासभा, धनकुटा, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, नुवाकोट, रसुवा, धादिङ, चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुलीसहित २८ जिल्लामा समानुपातिकतर्फको मतपत्र ढुवानी भइसकेको छ ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रदेशसभातर्फ दुई करोड एक लाख ८४ हजार तथा प्रतिनिधिसभातर्फ दुई करोड चार लाख मतपत्र छापिएको छ । आयोगले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा उच्च सुरक्षासहित मतपत्र छपाइ भइरहेको छ ।


**श्री नं.१३ बाहिनी अड्डा**
**पाटन ब्यारेक, लगनखेल**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७९।०६।३१ गते ।**

आर्थिक वर्ष २०७९।०८० मा यस बाहिनी अड्डाको हाताभित्र निम्न बमोजिमको मर्मत संभार कार्य गर्नुपर्ने भएकोले **e-GP System** को माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट **www.bolpatra.gov.np/egp** मा हेर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।
विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र अपलोड गर्नुपर्ने अन्तिम मिति २०७९।०७।१५ गतेको १२:०० बजेभित्र र खोलुवा सोही मितिको १३:०० बजे यस बाहिनी अड्डामा हुनेछ ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| सि.नं | सूचना नं. | कामको विवरण | लागत अनुमान | शिलबन्दी दरभाउ पत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|
| १. | NA/13BDE/ 079/80/02 | भौतिक संरचनाहरूको मर्मत संभार तथा स्तरोन्नति | १८,३१,४८९।८९ | १०००।०० | |

**थप जानकारीको लागि सम्पर्क नं.०१-५५३९३९९**



प्रदेश सरकार
लुम्बिनी प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
**यातायात पूर्वाधार निर्देशनालय**

## सडक पूर्वाधार विकास कार्यालय

रुपन्देही

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(प्रकाशित मितिः- २०७९/०६/३१)

यस कार्यालयबाट मिति २०७९/०४/२६ र २०७९/०५/१५ गते प्रकाशित वोलपत्र आव्हान सम्वन्धी सूचना अनुसार मिति २०७९/०५/२६ र २०७९/०६/२३ गते दिनको १२:०० वजे सम्म www.bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्र मध्ये तपसिल बमोजिम वोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजानिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | ठेक्का नम्वर | छनौट भएको बोलपत्रदाता | कबोल रकम (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| 1. | Upgrading of Devdaha 10 Ladiabash to butwal-7 Shivanagar Road & Ladiabash culvert to Water tank (Dhan Bali ko ghar) road blacktop Devdaha-10 Charange, Rupandehi | RIDORUP/RUP/134/ NCB/79-80/26 | M/S R.A. Chitra Construction Pvt. Ltd., Madhyapur Thimi-1 | 4,913,251.43 |
| 2 | Tilottoma-3 Janakinagar to paschim Rangapath & Baburam Paudel path Joining Road (15 Bigha), Rupandehi | RIDORUP/RUP/134/ NCB/79-80/27 | M/S The Lumbini Nirman Sewa, Tilottama-02, Rupandehi | 4,028,018.44 |
| 3 | Dhune chowk-Bansava - Rairahawa - Dhusuwa chowk- Chuwanshing chowk-Tulsihawa taal-Gaudi bajar Road (Jibraj Ashrit Marg), Rupandehi | RIDORUP/RUP/134/ NCB/79-80/28 | M/S Omnath Construction, Gaidahawa-06, Rupandehi | 1,586,351.00 |
| 4 | Kushamha pul- Belawa Pul Road, Sudhodhan, Rupandehi | RIDORUP/RUP/134/ NCB/79-80/29 | M/S S.D.G.B. Construction, Suddhodhan-01, Rupandehi | 1,575,047.56 |
| 5 | Upgrading of Bankatti Chowk to 13 no. ward karlaya Link Road & Construction of Bankatti Bajar Flood Water Outlet Drain, Rupandehi | RIDORUP/RUP/134/ NCB/79-80/30 | M/S Devaka Construction Pvt.Ltd, Katmandu, Nepal | 3,509,735.44 |
| 6 | Upgrading of janakpath Sadak & Gharbash Marg Road, Tilottoma-9, Rupandehi | RIDORUP/RUP/274/ NCB/79-80/31 | M/S Binaya Nirman Sewa, Tilottama _ 09, Manglapur, Rupandehi | 4,467,208.95 |
| 7 | Shree Krishna path hudai Badel pokhari jane bato Blacktop, Butwal-13, Rupandehi | RIDORUP/RUP/284/ NCB/79-80/32 | M/S Ramva Devi Darshan Builders Pvt. Ltd. Kathmandu-10, Kathmandu | 2,487,591.35 |
| 8 | Upgrading of Manpakadi-Rajad-Kha Bangain Road, Rupandehi | RIDORUP/RUP/134/ NCB/79-80/33 | M/S B.Y. Nirman Sewa Omsatiya-2, Rupandehi | 1,284,566.05 |
| 9 | Blacktop Road Construction work in Bardaghat 5 ko Jyamirebhar Kanchangadhi Marga ko Lamichhane Chouk dekhi Shanti Tole hudai Wada no 7 ko Sima Samma Road, Nawalparasi. | RIDORUP/NAW/134/ NCB/79-80/34 | M/S Yuman Nirman Sewa Pvt. Ltd., Bardaghat-4 | 3,062,007.34 |
| 10 | (i)Bardghat-13 Shivalaya Mandir Dekhi Purbha Jaane Baato, Nawalparasai, (ii)Bardghat-13 Milan Chowk Dekhi Purbha Jaane Bato,Nawalparasi | RIDORUP/NAW/134/ NCB/079-80/35 | M/S Susan Construction Privated Limited, | 2,325,335.98 |
| 11 | Blacktop Road Construction work in Badera Santpur Dekhi Sanda ramgram 1 Road, Nawalparasi | RIDORUP/NAW/134/ NCB/079-80/36 | M/S S.S. Contruction, Ramgram-6 | 1,646,854.61 |
| 12 | Gobariya Dhangadhawa Hudai Bhujahawa Sima Sadak, Nawalparasi | RIDORUP/NAW/134/ NCB/079-80/37 | M/S Birana construction Pvt. Ltd | 1,645,134.15 |
| 13 | Blacktop Road Construction work in Pokharapali Ramgram Na.Pa. Banjariya Dharampur Bairagnath Road,Nawalparasi. | RIDORUP/NAW/144/ NCB/079-80/38 | M/S Neha Nirman Sewa | 2,701,069.14 |
| 14 | Blacktop Road Construction work in Gandak Nahar Mahalbari Satpati Jodne Road, Nawalparasi. | RIDORUP/NAW/134/ NCB/079-80/39 | M/S Shiv Shakti RealState and Saurab Construction Pvt.Ltd | 2,848,862.03 |
| 15 | RCC Drain & Gravelling work at Potaha Inar Chauk Dekhi Nepali Nahar Sadak Bardaghat -15 , Nawalparasi . | RIDORUP/NAW/134/ NCB/079-80/40 | M/S Shiv Shakti RealState and Saurab Construction Pvt.Ltd | 1,183,022.79 |
| 16 | Palhinandan Ga. Pa. 6 Padari Gaun ma PCC Dhalan ,Nawalparasi . | RIDORUP/NAW/134/ NCB/079-80/41 | M/S A.S Palhinandan Construction, Nawalparasi | 1,776,342.96 |
| 17 | Chhatpura Jhinku Mishra Tole Sadak Naali Nirman Gaidahawa-07, Rupandehi | RIDORUP/RUP/134/ NCB/079-80/42 | M/S M.A. construction company pvt,Ltd, Madhyapur Thimi 01, Bhaktapur | 1,251,651.45 |
| 18 | Basdilwa-Baunkoti-Karojiya-Dingarnagr-Devinagar (Devsidha Chawok ) Road, Rupandehi | RIDORUP/RUP/144/ NCB/079-80/43 | M/S Sushma and Saroj Construction Pvt.Ltd, Madhayapur Thimi-1, Bhaktapur | 2,407,520.25 |
| 19 | Chorniya Khola Multicell Box Bridge, along Badrighat Narsahi (Pratappur -8 & Susta -5) Road, Pratappur -8 Road, Nawalparasi | RIDO/RUP/ LRBP/BR/ NCB /079-80/53 | Paramount Construction P. Ltd., Lalitpur Nepal | 3,71,12,530.01 |
| 20 | Khahare Khola Mulitcell Box Bridge along Dhago Karkhana Charange Jhumsa Sadak, Devdaha-10, Rupandehi | RIDORUP/LRBP/BR/ NCB/079-80/54 | M/S D.N.D./Newliza J.V. Gulmi | 27,734,257.41 |

# यसरी सुरक्षित गरिँदै छ शताब्दी पुरुष जोशीको पार्थिव शरीर

■ सिबी अधिकारी

**काठमाडौं–** जिउँदो इतिहासका साक्षीका रूपमा १०३ वर्षको उमेरमा आइतबार महाप्रस्थान गरेका वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको पार्थिव शरीरलाई अध्ययन अनुसन्धानका लागि अस्पतालमा राखिने भएको छ ।

पारिवारिक सहमतिअनुसार स्व जोशीको शवलाई दाहसंस्कार नगरी चिकित्साशास्त्र सम्बन्धी अध्ययनका लागि ललितपुरको इमाडोलस्थित किष्ट शिक्षण अस्पतालमा राखिने भएको हो । अस्पतालका निर्देशक प्रा डा सुरज बज्राचार्यले जोशीको पार्थिव शरीरलाई मेडिकल चिकित्सा प्रणालीअनुसार अध्ययन अनुसन्धानका लागि अस्पतालमा राखिने जानकारी दिए ।



उनले भो, 'अहिले जोशीको पार्थिव शरीरलाई नबिग्रिने हिसाबले केमिकल र औषधि प्रयोग गरेर सुरक्षितरूपमा 'प्रिजर्भ' गरिएको छ । 'प्रोफेसर' को भनाइअनुसार उनको शरीरलाई चिरकालसम्म कुनै पनि तत्वले बिगार्न सक्दैन । उनको शरीरबाट चिकित्सा प्रणाली अनुरूप कसरी ज्ञान र सीप लिन सकिन्छ, त्यो आर्जन गर्नेछौं ।' जोशीको पार्थिब शरीरलाई परिवारले किष्ट शिक्षण अस्पताललाई पूर्णरूपमा हस्तान्तरण गरेको छ ।

'चिकित्सा प्रणाली अनुरूप के-के गर्नुपर्ने हो, शरीरको कुन भागको अध्ययन अन्वेषण गर्ने र उनको शरीरलाई चिकित्सकीय प्रणालीमा के-कसरी प्रयोग गर्ने भन्ने विज्ञहरूको रायअनुरूप अघि बढ्छौं । 'प्रिजर्भ कन्डिसन' कति समय रहन्छ भन्ने अहिले भन्न सकिन्न', उनले भने ।

अस्पतालले जनाएअनुसार स्व जोशीको शरीरको हरेक भागलाई अध्ययन अनुसन्धान गरिनेछ । स्व जोशीको चाहनाअनुरूप चिकित्सा प्रणालीमा अनुसन्धान हुनेछ ।

'मेरो शरीरको चिकित्सा प्रणाली अनुरूप अध्ययन होस्' भन्ने उनको चाहना थियो । सोही अनुरूप सम्पूर्ण अंग प्रत्यंगको सूक्ष्मरूपमा अध्ययन अन्वेषण गरिन्छ' स्व जोशीको भनाई उधृत गर्दै अस्पतालका निर्देशक बज्राचार्यले भने । उनले जोशीबारे चिकित्सा शिक्षा मात्र नभई हरेक क्षेत्रमा अध्ययन गर्न चाहनेलाई अनुसन्धान गर्ने अवसर दिइने बताए । स्व जोशीको शरीरको विस्तारै अध्ययनको प्रक्रिया शुरु गरिने र विशेषज्ञ चिकित्सकहरूबाट शरीरको हरेक भागको अध्ययन हुनेछ ।

### कहाँ राखिन्छ पार्थिव शरीर

किष्ट शिक्षण अस्पतालले जोशीको पार्थिव शरीरलाई अस्पताल परिसरकै आधारभूत साइन्स भवनको हलमा राख्ने निर्णय गरेको छ । अस्पतालका निर्देशक बज्राचार्यले जोशीको शरीर अध्ययनका लागि अस्पतालको बेसिक साइन्स ल्याब रहेको भवनमा राखिने बताए । अस्पतालमा जोशीको शरीर रहे पनि सर्वसाधरणले भने हेर्न पाउने छैनन् । मेडिकल क्षेत्रका अनुसन्धानकर्ताले अनुमति लिएर मात्रै हेर्न र अध्ययन गर्न पाउने निर्देशक बज्राचार्यले बताए । उनले भने, 'परिवारले नै हामीलाई गोपनीयता र सम्मानस्वरूप राखिदिनुस् भन्नुभएको छ र मेडिकल 'इथिक्स'को पनि कुरा हुन्छ ।'

आइतबार बिहान सात बजेर नौ मिनेटजाँदा दुःखद निधन भएका जोशीको चिकित्सा प्रणाली पूरा गरेर मध्याह्न अस्पतालमा आधा घण्टा श्रद्धाञ्जलीका लागि राखिएको थियो । त्यसपछि ललितपुर महानगरपालिका प्रांगणमा अन्तिम श्रद्धाञ्जलीका लागि साँझसम्म राखियो । त्यहाँ प्रधानमन्त्री, मन्त्रिगण, विभिन्न राजनीतिक दलका शीर्ष नेता, साहित्यकार एवं शुभेच्छुक सर्वसाधारणको उल्लेख्य संख्यामा उपस्थिति थियो । स्व जोशीलाई राष्ट्रिय सलामी अर्पण गरी अन्तिम बिदाइ गरिएको थियो ।

श्रद्धाञ्जलीपछि परिवारले जोशीको पार्थिव शरीर किष्ट अस्पताललाई पूर्णरूपमा हस्तान्तरण गरेको छ । अन्त्येष्टि नगरिए पनि त्यसबाहेकका अन्य संस्कार विधिपूर्वक पूरा गरिने उनका जेठा छोरा अणुराज जोशीले बताए । आफूहरूको इच्छाअनुरूप बुबाको शरीर अस्पताललाई दिइएको उनले उल्लेख गरे ।

'मरणोपरान्त अस्पतालमा अध्ययन गर्नका लागि शरीर दान गर्ने बुबा (स्व. जोशी) को इच्छा अनुरूप लेखेरै दिनुभएको थियो, मैले पनि हस्ताक्षर गरेको हुँ, सोही अनुरूप शवअस्पताललाई हस्तान्तरण गरिएको छ', उनले भने, 'बुबाको इच्छा त केही नगर्नु भन्ने थियो, ९९ वर्षीया आमाको पनि सोही इच्छा छ तर, अन्तिम दाहसंस्कार बाहेक भोलिदेखि अन्य संस्कार गर्छौं होला । पुरोहितसँग सल्लाह गरेर बाँकी काम सक्छौं', उनले भने । *रासस*

# वातावरणमैत्री सामग्रीको प्रयोगमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्राकृतिको विनास गरेर उत्पादित निर्माण सामग्रीभन्दा प्रकृतिको संरक्षण गरी बनेका निर्माण सामग्रीहरूको प्रयोगमा जोड दिइएको छ । नेपाल इको प्यानलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्जिनियर कृष्णभक्त दुवालले पछिल्लो समयम आधुनिक निर्माण सामग्रीको रूपमा विकास भएको इको प्यानलको प्रयोगमा जोड दिएका हुन् । भक्तपुरको ख्वप कलेजमा वातावरण विज्ञान विषयका प्राध्यापकसमेत रहेका इन्जिनियर दुवालले प्राकृतिक विनास हुँदै गएकोमा चिन्ता व्यक्त गरे । यही कारण प्रकृतिलाई जीवन्त वनाइराख्न सवैले आआफनो क्षेत्रबाट सहयोग गर्नुपर्ने उनको जोड थियो ।

भौतिक संरचनाको निर्माणमा प्रयोग हुने परम्परागत निर्माण सामग्रीहरू जस्तै इटा, वालुवा, झ्यालढोकालगायतका निर्माण सामग्रीहरू प्रकृतिको दोहनबाटै बनेका हुन्छन् । माटोबाट ईंटा, खानीबाट वालुवा अनि रुखविरुवा काटेर बनेका काठबाट झ्यालढोकाहरू वन्ने भएकाले वातावरण विनाश नगरी बनेका निर्माण सामग्रीहरूको उपभोग गर्नुपर्नेमा उनको जोड थियो । हिजोआज यी निर्माण सामग्रीको विकल्पका रूपमा विभिन्न आधुनिक निर्माण सामग्रीहरू पनि बजारमा आइरहेका छन् । यीमध्ये इको प्यालन पनि एक हो, नेपाल इको प्यानलका सिइओसमेत रहेको इन्जिनियर दुवाल भन्छन्, जे भए पनि प्राकृतिक विनासलाई रोक्नमा सवैले सहयोग गरौं भन्ने लाग्छ ।

इको प्यानल स्थायी वा अस्थायी संरचनामा भित्री तथा वाहिरी पार्टेशन वालको रूपमा प्रयोग हुने आधुनिक निर्माण सामग्री हो । इको प्यानल भूकम्प प्रतिरोधी मात्रै नभई वातावरणमैत्री पनि रहेकोले यसको प्रयोगबारे जनचेतना फैलाउनुपर्नेमा उनले जोड दिए ।

इको प्यानलको उत्पादन धुलोधुँवारहित वातावरणमा क्लिन इनर्जी (बिजुली ) को मात्र प्रयोग भई बन्ने भएकोले यो पूर्ण वातारणमैत्री रहेको इन्जिनियर दुवालले बताए ।


## Unirize Cooker hood MRP

Company Name : **Resunga Intercontinental Pvt.Ltd.**
Address : Banasthali, Kathmandu, Nepal Tel : 014880859
*VAT No.: 604266848*

| *Name* | *Product* | *Description* | *MRP (NRS)* |
|---|---|---|---|
| Jade | Unirize Cooker hood-60 cm | 60 cm | 20,100 |
| Jade | Unirize Cooker hood-90 cm | 90 cm | 22,508 |
| Mavis | Unirize Cooker hood-60 cm | 60 cm | 23,825 |
| Mavis | Unirize Cooker hood-90 cm | 90 cm | 25,112 |
| Ava | Unirize Cooker hood-60 cm | 60 cm | 16,347 |
| Ava | Unirize Cooker hood-90 cm | 90 cm | 18,536 |



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BELLA CONTRACTING & CLEANING

पूर्व स्वीकृति मिति २०७९/०६/३० LT. No. 273907 चलानी नं. ६०१८०९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 10 | 4 | 1000 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LEADER OVERSEAS PVT.LTD.
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-4950391,9746536116,9847990386,9841179700
Email :leaderoverseas2018@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOOD TASTE FAST FOOD RESTAURANTS

पूर्व स्वीकृति मिति : २०७९/०६/२६ LT. No. 273654 चलानी नं.६०१८९५३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
श्रम इजाजत नं. ७९४/०६५/०६६
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN MEI JING

पूर्व स्वीकृति मिति २०७९/०६/३० LT. No. 273822 चलानी नं. ६०१८९५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 3 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## बिमालेख हरायो

मिति २०७९/०५/०६ गते, गोंगबुदेखि चावहिल जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : बोच कुमारी कार्की
बिमालेख नं : १०५००५३८०
(नेपाल लाइफ इन्स्योरेन्स)
ठेगाना : वसुन्धारा, काठमाडौं
सम्पर्क नं : ९७४१०१९७८६



## बिमालेख हरायो

मिति २०७९/०५/०४ गते, गोंगबुदेखि चावहिल जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : मिन कुमारी बस्नेत
बिमालेख नं : १०५००५६८३
(नेपाल लाइफ इन्स्योरेन्स)
ठेगाना : वसुन्धारा, काठमाडौं
सम्पर्क नं : ९७४१०१९७८६



## हिम रिभर पावर लि.को नामको जगेडा (मौज्दात) शेयर खरिद आव्हान गरिएको सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०६/३१

यस कम्पनीको संचालक समितिको निर्णय कम्पनीका नाममा जगेडा (मौज्दात) रहेको शेयर बिक्री गरी चुक्ता पूँजी बृद्धि गर्नु पर्ने भएकाले इच्छुक यसै कम्पनीका मौजुदा शेयरधनी तथा सर्वसाधारण महानुभावहरूमा सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र कम्पनी नियमानुसार खरिद आवेदन गर्नु हुन आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

आज्ञाले
कम्पनी सचिव



## हिम रिभर पावर लि.को विशेष साधारणसभा बस्ने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशन मिति : २०७९।०६।३१

यस कम्पनीको संचालक समितिको निर्णय अनुसार निम्न मिति, समय, स्थानमा बसी विशेष प्रस्ताव उपर छलफल गर्नका लागि विशेष साधारणसभा डाकिएकाले सम्पूर्ण शेयरधनीलाई उपस्थितिका लागि सूचित गरिएको छ

**निम्न**:
मिति : २०७९।०७।१३ गते शनिवार
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाडौं

**विशेष प्रस्ताव** :
१. कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने सम्वन्धमा ।
२.कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्ने सम्वन्धमा ।
३. कम्पनीको नाममा जगेडामा रहेको शेयर बिक्री गर्न आव्हान गर्ने सम्वन्धमा ।
४. विविध ।

आज्ञाले
कम्पनी सचिव



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONS TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०७९/०२/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/३० LT. No. 263182 चलानी नं.६०१७९५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 3 | 0 | 1000 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ देखि कार्तिक ७ गते (17 to 24th Oct. 2022)सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य ला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd.
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAKAN AL-MAWARA TRADING EST

पुर्व स्वीकृति मिति २०७९/०३/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/३० LT No.265415 चलानी नं.६०१८१३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 1 | 0 | 1000 | ३५,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 9801020501, 9810259009,9851039010, 9851028467
E-mail : omoverseas36@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMAN AHMED MAHMOUD AL MAHALAWY TRADING EST

पूर्व स्वीकृति मिति : २०७९/०६/१३ LT. No. 272812 चलानी नं. ६०१८९५०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1200 | ४२,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL AHLIA CLEANING

पूर्व स्वीकृति मिति : २०७९/०६/२९ LT. No.273857 चलानी नं.६०१८९५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 13 | 9 | 1000 | ३६,२१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 3 | 0 | 1000 | ३६,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

S.S.Group of management pvt.Ltd.
Govt. License 1100/073/074
Subidhanagar–35, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9849982264, 9843193397 Email: ssgroup1100@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सत्यमोहनप्रति श्रद्धासुमन

संस्कृतिविद् एवं वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी हामीबाट सधैंका लागि बिदा भएका छन् । ग्वार्कोस्थित किस्ट मेडिकल कलेज तथा शिक्षण अस्पतालमा उपचाररत जोशीको आइतबार बिहान ७ बजेर ९ मिनेटमा १०३ वर्षको उमेरमा निधन भएसँगै उनी भौतिकरूपमा हामीमाझ रहेनन् । तर, उनको व्यक्तित्व र कृतित्व सधैं हाम्रा लागि अमर रहनेछ ।

जोशीको जन्म बाबु शंकरराज जोशी र आमा राजकुमारीका पुत्रका रूपमा वि.सं. १९७७ वैशाख ३० गते बखुम्बहाल, ललितपुरमा भएको थियो । संस्कृतिविद् जोशीले नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव र नेपाल भाषा प्रतिष्ठानमा कुलपतिको रूपमा कार्य गरी नेपाली प्रज्ञाको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे । कर्णालीको भाषा, साहित्य र संस्कृति प्रकाशनमा उनी र उनको समूहको ठूलो योगदान रहेको छ ।

संस्कृतिको क्षेत्रमा अतुलनीय योगदान गरेका जोशीले तीनपटक मदन पुरस्कार प्राप्त गरेका थिए । यसरी तीनपटक मदन पुरस्कारबाट विभूषित हुने उनी पहिलो र हालसम्मका एक्ला व्यक्ति हुन् । नेपालका विभिन्न गाउँ–गाउँमा गएर गीत संकलन गर्दै जाँदा उनले 'लोक संस्कृति' नामक पुस्तक लेखे । पछि गएर यही पुस्तकले २०१३ सालमा मदन पुरस्कार पाएको थियो ।

यस्तै, नेपालमा लिच्छवीकालदेखि आधुनिक नेपालसम्म प्रयोग भएका मुद्राहरूको खोजतलास गरे र यही सेरोफेरोमा लेखिएको 'नेपाल राष्ट्रिय मुद्रा' नामक पुस्तकका लागि २०१७ मा उनले दोस्रोपटक मदन पुरस्कार पाए । र, तेस्रोपटक २०२८ सालमा उनले 'कर्णाली लोक संस्कृति' पुस्तकका लागि मदन पुरस्कार पाए । जोशी पुरातत्त्व विभाग (नेपाल)को पहिलो निर्देशक पनि हुन् । वि.सं. २०१५ मा केवल ३८ वर्षको उमेरमा उनी पुरात्त्व विभागको निर्देशक बनेका थिए ।

नेपाली भाषा, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासमा लागि परेका हुनाले जोशीको योगदानको कदरस्वरूप जोशीलाई सुप्रवल गोर्खा दक्षिणबाहु, विख्यात त्रिशक्ति पट्ट, आदिकवि भानुभक्त पुरस्कार तथा काठमाडौं विश्वविद्यालयले विद्यावारिधीको मानार्थ प्रमाणपत्र प्रदान गरेको थियो ।

चलचित्र पत्रकार सङ्घ कास्कीद्वारा पोखरामा आयोजित पत्रकार सम्मेलनमा चलचित्रका कलाकारहरूले प्रेम, घृणा, संवेदना, रोमान्स, विद्रोह आदि समावेश भएको पारिवारिक कथा महापुरुषमा चित्रण भएको सामूहिक अभिव्यक्ति दिए।

अभिनेता एवं वरिष्ठ हास्य कलाकार हरिवंश आचार्यले महापुरुषमा समूहकार्य राम्रो भएको बताउँदै चलचित्र उत्कृष्ट बनेको दाबी गरे। कथावस्तुसँगै प्रत्येक कलाकारको जीवन्त अभिनय भएको उल्लेख गर्दै उनले चलचित्रलाई आम सर्वसाधारणले मनपराउने विश्वास व्यक्त गरे।

अभिनेत्री गौरी मल्लले सामाजिक विषयवस्तुलाई चलचित्रले प्रस्तुत गरेको बताए। वरिष्ठ कलाकार राजाराम पौडेलले अघिल्लो पुस्तादेखि पछिल्लो पुस्ताका कलाकारको जीवन्त अभिनयले चलचित्रलाई उत्कृष्ट बनाएको बताए।

चलचित्रका नायक अरुण क्षेत्री र नायिका अञ्जना बराइलीले अत्यन्त मेहनतका साथ चलचित्र तयार भएको भन्दै यसलाई आम दर्शकको साथ मिल्ने विश्वास व्यक्त गरे।

चलचित्रका निर्माता रवीन्द्रसिंह बानियाले लगभग रु तीन करोडको लागतमा चलचित्र तयार बनेको बताउँदै काठमाडौंको मध्यमवर्गीय परिवारको कथालाई चलचित्रमा समेटिएको जानकारी दिए। आगामी कात्तिक ११ गतेदेखि चलचित्र प्रदर्शनमा आउने उनले जानकारी दिए।

रंगशाला

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता

# १५ स्वर्णसहित सेना शीर्षस्थानमा

■ प्रभाव संवाददाता

**पोखरा –** गण्डकी प्रदेशमा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा हालसम्म विभागीय नेपाली सेनाले पदकमा बर्चस्व कायम गरेको छ। हालसम्म ३० स्वर्ण पदकको छिनोफानो हुँदा सेनाले १५ स्वर्ण, ११ रजत र १० कास्यसहित ३६ पदक जितेको छ।

यसैगरी बागमती प्रदेशले छ स्वर्ण, पाँच रजत र दुई कास्यसहित १३ पदक जितेर सेनालाई पछ्याइरहेको छ। सशस्त्र प्रहरीको (एपिएफ) चार स्वर्ण, छ रजत र नौ कास्यसहित १९ पदक लिएर पदक तालिकाको तृतीय स्थानमा छ। आयोजक गण्डकी प्रदेशले हालसम्म दुई स्वर्ण, दुई रजत र छ कास्यसहित १० पदक जितेको छ।

यसैगरी नेपाल प्रहरीले दुई स्वर्ण, एक रजत र तीन कास्यसहित छ पदक तथा सुदूरपश्चिम प्रदेशले एक स्वर्ण र तीन कास्यसहित चार पदक जितेको छ। लुम्बिनी प्रदेशले चार रजत, एनआरएनएले एक रजत र प्रदेश नं १ ले पाँच कास्य पदक जितेका छन्। प्रतियोगितामा सात प्रदेश, तीन विभागीय र एनआरएनको एक गरी ११ टोलीको सहभागिता रहेकामा कर्णाली प्रदेश र मधेस प्रदेशले पदकको खाता खोल्न सकेका छैनन्।

नवौं राष्ट्रिय खेलकुदको यही असोज २८ गते भव्य उद्घाटन गरिएको हो। प्रतियोगिता आगामी कात्तिक ३ गतेसम्म सञ्चालन हुनेछ। कतिपय खेल उद्घाटनअगावै सञ्चालन गरिएको थियो। गण्डकी प्रदेशका विभिन्न आठ जिल्लामा प्रतियोगिताअन्तर्गतका खेल जारी छन् भने केही खेल सुरु हुँदैछन्।

कबडी महिला तथा पुरुष र खोखो महिला तथा पुरुषको खेल आइतबारदेखि पोखरामा सुरु हुने प्रतियोगिताको खेलस्थल व्यवस्थापन उपसमितिका संयोजक राजेश गुरुङले जानकारी दिए।



### एथलेटिक्समा आर्मीका दुई कीर्तिमान

पोखरामा जारी नवौं राष्ट्रिय खेलकुदअन्तर्गत एथलेटिक्समा त्रिभुवन आर्मी क्लबले आइतबार दुई नयाँ कीर्तिमान कायम गरेको छ। पोखरा रंगशालामा भएको ४ सय मिटर महिला हडल्समा त्रिभुवन आर्मी क्लबकी जयरानी थारुले राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक जितेकी छिन्।

जयरानीले निर्धारित दुरी १ मिनेट ०४.१३ सेकेन्डमा पूरा गर्दै कीर्तिमानसहित स्वर्ण जितेकी हुन्। यसअघि उनले ४४ औं राष्ट्रिय एथलेटिक्स प्रतियोगितामा १ मिनेट ०७.२ सेकेन्डको कीर्तिमान बनाएकी थिइन्। सोही प्रतिशपर्धामा एपीएफकी भागीरथी थारुले १ मिनेट ०६.०६ सेकेन्डमा पूरा गर्दै रजत जित्दा एपीएफकै कल्पना श्रेष्ठले १ मिनेट ०६.५१ सेकेन्डमा उक्त दुरी पार गरिन्।

एथलेटिक्स पुरुषतर्फ १० हजार मिटरमा आर्मीकै दीपक अधिकारीले राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक जिते। दीपकले ३० मिनेट १० दशमलव ३० सेकेन्डमा निर्धारित दूरी पार गर्दै स्वर्ण जितेका हुन्। दीपकले एपीएफका गोपीचन्द्र पार्कीको कीर्तिमान तोड्दै आफ्नो नामका नयाँ कीर्तिमान खडा गरेका हुन्। यसअघि गोपीको नाममा ३० मिनेट ३० दशमलब ९९ सेकेन्डको कीर्तिमान थियो। उनी रजतमै समेटिए।

निर्धारित दूरी ३० मिनेट ३८ दशमलव ३० सेकेन्डमा पूरा गरेर गोपी दोश्रो भएका हुन्। आर्मीकै गजेन्द्र राइले कास्य पदक जिते। उनले निर्धारित दुरी ३० मिनेट ४९ दशमलव ५० सेकेन्डमा पूरा गरेका थिए।

### नेपाल प्रहरीलाई १० स्वर्ण

नवौं राष्ट्रिय खेलकुद २०७९ अन्तर्गत हालसम्म विभिन्न खेलहरूमा नेपाल प्रहरीले १० स्वर्ण, ३ रजत र ११ कास्य गरी कुल २४ पदक प्राप्त गरेको छ।

विभिन्न प्रतियोगितामध्ये नेपाल प्रहरीले एथलेटिक्समा १ स्वर्ण, १ रजत र २ कास्य जितेको छ। यस्तै पुरूष क्रिकेटमा १ स्वर्ण, लन टेनिसमा २ कास्य, फुलकन्ट्याक्ट करातेमा १ स्वर्ण, १ रजत र १ कास्य पदक नेपाल प्रहरीले हात पारेको छ।

टेबल टेनिसमा २ स्वर्ण, पौडीमा ४ कास्य, तेक्वान्दोमा ४ स्वर्ण र १ रजत तथा करातेमा १ स्वर्ण र २ कास्य पनि नेपाल प्रहरीले प्राप्त गरेको छ।

टी-२० विश्वकप प्रतियोगिता

# नामिबियासँग श्रीलंका पराजित

■ एजेन्सी



**अस्ट्रेलिया –** नामिबियाले अष्ट्रेलियामा सुरु आठौं संस्करणको टी-ट्वान्टी विश्वकप क्रिकेटमा सुखद सुरुआत गरेको छ। आइतबार भएको खेलमा पूर्व च्याम्पियन श्रीलंकालाई ५५ रनले हराउँदै नामिबियाले सुखद सुरुआत गरेको हो।

नामिबियाले दिएको १ सय ६४ रनको लक्ष्य पछ्याएको श्रीलंकाले १९ ओभरमा अलआउट हुदै १ सय ८ रन मात्र बनाउन सक्यो। श्रीलंकाका लागि कप्तान डासुन शनकाले २९ तथा भानुका राजापाक्षेले २० रन बनाए। धनन्जया डा शिल्भाले १२ तथा महेश तिक्षणाले अविजित ११ रन बनाए। उसका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्।

श्रीलंकालाई कम स्कोरमा रोक्न नामिबियाका ब्रिनाड स्कोल्ज,बेन शाइकोन्गो,जान फ्रायकलिंक, डेबिड बिजेले समान २/२ तथा जेजे स्मिथले १ विकेट लिए। त्यस अघि पहिले ब्याटिङ गरेको नामिबियाले २० ओभरमा ७ विकेट गुमाएर १ सय ६३ रन बनाएको थियो। नामिबियाका लागि जान फ्रायालिंकले ४४ रन जोड्दा जेजे स्मिटले अविजित ३१ रन बनाएका थिए। स्टेफन ब्राडले २६ तथा कप्तान ग्रहार्ड इरामुस तथा जान निकोलसले समान २०/२० रन बनाए।

श्रीलंकाका लागि प्रमोद मधुशंकाले २ तथा चमिका करुणारत्ने,दुश्मन्था चमिरा,वानिन्दु हशरंगा र महेश तिक्षणाले समान १/१ विकेट लिए। जितसँगै नामिबिया समूह 'ए' को शीर्ष स्थानमा उक्लिएको छ। त्यस्तै नेदरल्याण्ड्सले सुखद सुरुआत गरेको छ। आइतबार भएको खेलमा युएईलाई ३ विकेटले हराउँदै नेदरल्याण्ड्सले सुखद सुरुआत गरेको हो।

यूएईले दिएको १ सय १२ रनको लक्ष्य नेदरल्याण्ड्सले १९.५ ओभरमा ७ विकेट गुमाएर पुरा गर्यो। नेदरल्याण्ड्सका लागि म्याक्स ओ डाउनले २३ तथा कोलिक याक्रिकमानले १७ रन बनाए। कप्तान स्कट एडवार्डले १६ तथा टिम प्रेग्गिनलले १५ र बास डि लिडले १४ रन बनाए। यूएईका लागि जुनेद सिद्धिकिले ३ तथा जाहोर खान,कार्तिक मैयप्न,वासिल हमिद र आयान खानले समान १/१ विकेट लिए।

त्यस अघि पहिले ब्याटिङ गरेको यूएईले २० ओभरमा ८ विकेट गुमाएर १ सय ११ रन बनाएको थियो। युएईका लागि मुहम्मद वासिमले ४१ तथा भृत्य अरविन्दले १८ रन जोडेका थिए।

कासिफ दाउदले १५ रन जोड्दा चिराग सुरीले १२ रन बनाए। आयान खानले ५ तथा वासिल हमिदले ४ रन जोडे। नेदरल्याण्ड्सका लागि बास डि लिडिले ३ तथा फ्राड केलसनले २ विकेट लिए। जितसँगै नेदरल्याण्ड्स समूह 'ए' को दोस्रो स्थानमा उक्लिएको छ। यस विश्वकपमा १६ राष्ट्र सहभागी रहेका छन्। १६ टोलीमा ८ टोलीले पहिलो राउण्ड खेल्नेछन्। पहिलो चरणमा ४/४ टोलीको दुई समूह रहेकोमा दुबै समूहका शीर्ष दुई टोली दोस्रो राउण्डका लागि छनोट हुनेछन्। पहिलो राउण्डको समूह 'ए' मा श्रीलंका,नामिबीया,यूएई र नेदरल्यान्ड्स रहेका छन्।

## किस्टमै...

पृष्ठ १ बाट जारी

किशोरसिंह बस्नेतले उनको शव संरक्षण गर्ने काम सुरू गरिहाल्नुपर्ने बताए ।

उक्त कामका लागि सबैको सहमति भएपछि उनले शव संरक्षण गर्ने काम अघि बढाए । शवमा नसामा इन्जेक्सनबाट रसायन हालेपछि लामो समयसम्म नकुहिने गरी संरक्षण गर्न सकिने उनले बताए । 'उहाँको शरीरमा नसाबाट रसायन दिइएको छ । उक्त रसायन शरीरमा पसेपछि २५-३० वर्षसम्म पनि केही हुँदैन । त्यसका लागि चिस्यान पनि चाहिँदैन । केही चाहिन्न,' उनले भने, 'मृत शरीरलाई संरक्षण गर्न विभिन्न किसिमको केमिकल हुन्छन् ।'

जोशीको शरीरमा रसायन पठाउने काम अस्पतालले आइतबार बिहानै सकिसकेको छ । त्यसपछि उनको परिवारलाई श्रद्धाञ्जलीका लागि पार्थिव शरीर लैजान अनुमति दिएको थियो । केहीबेर अस्पताल प्रशासनमा राखेर जोशीको पार्थिव शरीर ललितपुर महानगरपालिकाको कार्यालयपरिसरमा ल्याइएको थियो ।

त्यहाँ उनलाई श्रद्धाञ्जली दिन नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जन, पूर्वउपप्रधानमन्त्री वामदेव गौतमलगायतका नेताहरू महानगर परिसर पुगेका थिए ।

प्रधानमन्त्री देउवाले राष्ट्रिय झण्डा ओढाएर जोशीप्रति अन्तिम श्रद्धाञ्जली दिए ।

अपराह्न साढे ४ बजेपछि उनको पार्थिव शरीर फेरि अस्पतालमै लगिएको छ । अब उनको शरीरलाई अध्ययनका लागि राखिनेछ ।

'राजनीतिक व्यक्तिको शव राखिएको जसरी राखिने होइन । हाम्रो उद्देश्य त्यो होइन । हाम्रो उद्देश्य भनेको उहाँको शरीरलाई अध्ययन गर्ने हो,' अस्पतालका निर्देशक बज्राचार्यले भने, ' हामीले संरक्षण गरिसकेका छौं । संग्रहालयमा राखेर अरूलाई देखाउने भन्ने होइन ।'

अस्पतालका चिफ अपरेटिङ अफिसर अमिस पाठकका अनुसार यसको अध्ययन गर्ने समय लामो हुन्छ । त्यसका लागि वर्षौं लाग्नसक्छ । यसबाट खुलेका तथ्यहरू आफूहरूले अरू शिक्षण अस्पतालमा पनि पठाउने उनले बताए । आफूहरूले विदेशमा हुने प्रक्रिया नै अपनाएर यो कामलाई अगाडि बढाउने उनले बताए । अध्ययनका क्रममा आवश्यक परे विदेशी चिकित्सकलाई समेत बोलाउन सकिने पाठकले बताए ।

शवलाई अस्पतालले सदाका लागि संरक्षण गरेर राख्ने भने होइन । उनका अनुसार अध्ययन गर्नुका कारणहरू पत्ता लागेपछि दाहसंस्कार आफ्नै हिसाबले गरिनेछ । अस्पताल प्रशासनले उनको शवलाई के गरिन्छ भन्नेबारे आज सोमबार विज्ञप्तिमार्फत जानकारी गराउने जनाएको छ ।

## गौतमबुद्ध...

पृष्ठ १ बाट जारी

नागरथले भने, 'अहिले यात्रु संख्या साह्रै घटेकाले उडान घटाएका हौं । अब पहिलेझैं सातामा तीन उडान गर्नेछौं ।'

नागरथले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा माग नै नरहेको दाबी गरे । 'मागअनुसार नै आपूर्ति गर्ने हो । खाली विमान कहिलेसम्म उडाउने,' उनले भने, 'हामी भनेको व्यापार गर्न आएका हौं, आफ्नो खर्च पनि नउठ्ने ठाउँमा विमान चलाउदैनौं ।'

जजिराको उडान प्रभावित हुनुमा यहाँका सरकारी निकायहरूको पनि उत्तिकै दोष रहेको छ । तत्कालीन श्रममन्त्री किसान श्रेष्ठले चर्चाकै लागि भैरहवामा स्थापना गरेको श्रम कार्यालयले अहिलेसम्म काम गरेको छैन । गौतमबुद्ध विमानस्थलका प्रमुख गोविन्दप्रसाद दाहालले यात्रुहरू अहिले पनि श्रम, रोजगार, मेडिकललगायत कारण काठमाडौंमै जानुपरेको समस्याका कारण पनि विमानस्थल सञ्चालनमा कठिनाइ आएको बताए । *रासस*


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०६/३१

यस कम्पनीको मिति २०७९/०६/२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सिनेक इको टुरिजम प्रा.लि. (प्रा.लि. नं. १७१४८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गो फन नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०६/३१

यस कम्पनीको मिति २०७९/०४/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सस्टेनेवल एण्ड रेजिलियन्ट आइडियाज प्रा.लि. (प्रा.लि. नं. १४१९४३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सस्टेनेवल एण्ड रेजिलियन्ट आइडियाज इन्स्टिच्युट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०६/३१

यस कम्पनीको मिति २०७९/०३/१२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ट्रेक्स नेपाल प्रा.लि. (प्रा.लि. नं. २९२२३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/३० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ट्रक्स फर नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



### रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MV TOP SERVICES SRL**

पूर्व स्वीकृति मिति २०७९/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/३० | LT. No. 265737 | चलानी नं. ६०१८१७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook Helper | 10 | 0 | 550 | ६५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner Staff | 10 | 5 | 550 | ६५,५२५ | | | | | | | |
| 3 | Agricultural Worker/ Helper | 15 | 0 | 550 | ६५,५२५ | | | | | | | |
| 4 | Construction Worker | 25 | 0 | 600 | ७९,१२० | | | | | | | |
| 5 | General Worker | 25 | 10 | 550 | ६५,५२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक १४ गते (31st Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ६५,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. The Nepal Recruitment Specialist
श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL KOUT BEACH HOTEL.**

पूर्व स्वीकृति मिति : २०७८/०७/२८ | पून विज्ञापन स्वीकृति मिति : २०७९/०६/३० | LT. No. :250154 | चलानी नं.६०१७२९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 3 | 0 | 120 | ५०,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commis Ii | 2 | 0 | 150 | ६३,६९० | | | | | | | |
| 3 | Demi Chef De Partie (Cook) | 2 | 0 | 190 | ८०,६७५ | | | | | | | |
| 4 | Housekeeping Room Attendant | 3 | 2 | 110 | ४६,७०५ | | | | | | | |
| 5 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६३,६९० | | | | | | | |
| 6 | Kitchen Stewards | 5 | 0 | 120 | ५०,९५५ | | | | | | | |
| 7 | Laundry Attendant | 4 | 0 | 120 | ५०,९५५ | | | | | | | |
| 8 | Pastry Baker | 2 | 0 | 160 | ६७,९४० | | | | | | | |
| 9 | Pastry Chef De Partie | 2 | 0 | 190 | ८०,६७५ | | | | | | | |
| 10 | Tailor | 2 | 0 | 130 | ५५,२०० | | | | | | | |
| 11 | Technician | 1 | 0 | 160 | ६७,९४० | | | | | | | |
| 12 | Waiter | 5 | 5 | 120 | ५०,९५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



### जापानमा बैदेशिक रोजगारीको अवसर

**कम्पनीको नाम**: Yanagida Techno Co. Ltd. **कम्पनीको ठेगाना**: Mie Prefecture, Japan

पूर्व स्विकृती मिति : २०२२-१०-१६ | लट नं.:२६९४८३, | चलानी नं. ६०१८९४१६

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलव Japanese YEN ¥ | मासिक तलव Nepali Rupees NRS | न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | *Plastic Molding (Injecting Forming Work)* | 2 | 153012 | 135893 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | ७०० लाग्ने कामदार आफै | कामदार आफै | ४०,०००/- |

**फाइनल अन्तवार्ता २०७९-०७-०७ गते यस कार्यालयमा हुनेछ।**

**कम्पनीको नाम**: Marutoku Seiyou Suisan Ltd. **ठेगाना**: Mie Prefecture, Japan

पूर्व स्विकृती मिति : २०२२-१०-१६ | लट नं.:२७१६९३, | चलानी नं. ६०१८९४१७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलव Japanese YEN ¥ | मासिक तलव Nepali Rupees NRS | न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | *Fishary Workers* | 2 | 145447 | 129174 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | ७०० लाग्ने कामदार आफै | कामदार आफै | नि:शुल्क |

**फाइनल अन्तवार्ता २०७९-०७-०७ गते यस कार्यालयमा हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No.: 17/047/048

GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL

**GOOD LIFE INTERNATIONAL**
**EMPLOYMENT AGENCY NEPAL PVT. LTD.**
KATHMANDU-31, GYAWALI MARGA, OLD BANESHWOR, KATHMANDU
TEL: 01-4486511, MOB: 9823038508
E: info.goodlifenepal@gmail.com, W: www.goodlifenepal.com



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **REHAT ALBON COFFEE AND RESTAURANT**

पूर्व स्वीकृति मिति २०७९/०६/३० | LT. No. 273917 | चलानी नं. ६०१८९५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Product Worker | 2 | 0 | 1000 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



### साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: **MAYOR OF THE EAST EQUIPMENT RENTAL CORPORATION**

पूर्व स्वीकृति मिति २०७९/०६/३० | LT. No.273936 | चलानी नं. ६०१८९५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **YCN CARTON SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०६/३० | LT. No. 273796 | चलानी नं. ६०१८९५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 539/061/062

**Richhood Overseas Inc. Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARABIAN MANDHI RESTAURANT**

पूर्व स्वीकृति मिति : २०७८/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/३० | LT. No. 259190 | चलानी नं. ६०१७६३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 1 | 0 | 1100 | ३९,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE Pvt. Ltd. Kathmandu, Nepal

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ZAWAYA GENERAL MAINTENANCE & BLDG. CLEANING SERVICES**

पूर्व स्वीकृति मिति २०७८/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०६/३० | LT. No. 255663 | चलानी नं. ६०१६९०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 5 | 2 | 900 | ३२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९३,१०० | प्रति तोला - ९२,६०० | प्रति तोला - ११६० |



**धान काट्दै किसान** | तनहुँको भानु नगरपालिका-८ बलेफाँटमा धान काट्दै किसान । भानुका बलेफाँट, बेनीबगर, सेपाबगैंचालगायतका क्षेत्र धान पकेट हुन् । यस क्षेत्रमा विशेषगरी तीन पटक धान बाली लाउने गरेको किसान बताउँछन् ।
*तस्बिरः मिला दरै/रासस*

## ओरालो लाग्यो परिसूचक र कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** साताको पहिलो दिन धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक ओरालो लागेको छ । नेप्से परिसूचकसँगै कारोबार रकम पनि ओरालो लागेको नेपाल स्टक एक्सचेञ्जले जनाएको छ ।

नेप्से परिसूचक नौ दशमलव ६९ अंकले ओरालो लागेर एक हजार आठ सय ६० दशमलव ९४ मा सिमित भएको छ । यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक उक दशमलव ७२ अंकले ओरालो लागेर तीन सय ६५ दशमलव ४२ मा सिमित भएको छ ।

कूल दुई सय २१ कम्पनीको २५ लाख ७४ हजार सात सय ८५ कित्ता सेयर रु ८० करोड ३५ लाख २५ हजार पाँच सय ३३ मूल्यमा खरिद बिक्री भए । कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको सेयर मूल्य उकालो लागेको छ भने ११ उपसमूहको सेयर मूल्यमा गिरावट भएको छ । आइतबारको कारोबारपछि बजार पूँजीकरण रु २६ खर्ब ७६ अर्ब ३५ करोड ३४ लाख ४७ हजार सात सय ७८ बराबर रहेको छ ।





नेप्सेका अनुसार कारोबारका आधारमा एभरेष्ट बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु आठ करोड ४७ लाख ५९ हजार सात सय ३९ बराबरको कारोबार भयो । गरिमा विकास बैंक रु चार करोड ८८ लाख छ हजार, हिमालयन डिस्टिलरी रु तीन करोड ३२ लाख ४३ हजार तीन सय ५७, शिवम् सिमेन्ट रु दुई करोड ९९ लाख ८९ हजार एक सय दुई र रिडी पावर कम्पनी रु दुई करोड ७८ लाख १४ हजार एक सय ७१ बराबरको कारोबार भई शीर्ष पाँच भित्र रहेका छन् ।

नेप्सेका अनुसार अभियान लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतको बृद्धि भई सकारात्मक सर्किट लाग्यो । स्टचार्ण्डड चार्टड बैंक सात दशमलव २५, एभरेष्ट बैंक पाँच दशमलव १५, नेपाल एसबीआई बैंक तीन दशमलव ७७ र रिलायन्स फाइनान्सका लगानीकर्ताले तीन दशमलव २६ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, पिपल्स पावर कम्पनीका लगानीकर्ताले १० प्रतिशतले गुमाएपछि नकारात्मक सर्किट लागेको छ । सिटिजन बैंक सात दशमलव शून्य तीन, आशा लघुवित्त पाँच दशमलव ८६, मैलुङ खोला जलविद्युत् पाँच दशमलव ७७ र पञ्चकन्या माई हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ३५ प्रतिशतले गुमाएका छन् ।

## चितवनमा सोल्टी वेस्टइन्ड रिसोर्ट

**चितवन (प्रस)–** सोल्टी समूहको चौथो होटल चितवनको पटिहानीमा सञ्चालनमा आएको छ । रिभर साइड रोयल गार्डेन रिसोर्ट प्रालिले निर्माण गरेको होटल सोल्ट्री समूहको व्यवस्थापनमा आइतबारबाट औपचारिकरूपमा सञ्चालनमा आएको हो ।

सोल्टी वेस्टइन्ड रिसोर्ट पटिहानीका नाममा सञ्चालन हुन लागेको हो । भरतपुर महानगरपालिका-२२ स्थित चितवन राष्ट्रिय निकुञ्ज नजिक राप्ती नदी तटीय क्षेत्रमा होटल रहेको छ । सोल्टी होटल समूहका उपाध्यक्ष सुदर्शन चापागाईंले सोल्टीको व्यवस्थापनमा चौथो होटल औपचारिक शुभारम्भ गर्न लागेको जानकारी दिए । सोल्टीको पहिलो द सोल्टी काठमाडौं, दोस्रो सोल्टी वेस्ट इण्ड प्रिमियर नेपालगञ्ज, तेस्रो सोल्टी वेस्ट इण्ड इटहरी सञ्चालनमा छन् ।

उनका अनुसार ५६ वर्षदेखि हस्पिटालिटी क्षेत्रमा प्राप्त अनुभवलाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्ने योजनाका साथ व्यवस्थापन विस्तारको काम थालिएको बताए । नेपालका अन्य पर्यटकीयस्थलमा पनि सोल्टीले आफ्नो लगानी एवं व्यवस्थापन गर्ने योजना बनाएको उनले जानकारी दिए ।

पाँचतारे सुविधा दिने यो रिसोर्ट नेपालका व्यवसायीको रु एक अर्ब लगानीमा निर्माण गरिएको हो । रिसोर्ट सञ्चालन समितिका अध्यक्ष कल्याण जोशीका अनुसार होटलको व्यवस्थापन सोल्टीले गर्ने भएको हो । रिसोर्टमा १० अत्याधुनिक भिल्ला छन् । यीबाहेक दुई सुपरियर भिल्ला र ४० डिलक्स कोठा छन् । पाँच सय जना अट्ने एउटा, एक सय ५० जना अट्ने दुई, ७५ जना अट्ने तीन र २५ जना अट्ने दुई हलसमेत छन् ।

## ब्रोकर लाइसेन्सको प्रक्रिया रोकिने संकेत

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले नयाँ स्टक एक्सचेन्ज, ब्रोकर लाइसेन्स, कमोडिटी बजारको लाइसेन्स र लघुबिमा कम्पनीहरूको नयाँ लाइसेन्स खुलाएकोमा सम्बन्धित निकायसंग स्पष्टीकरण माग गरेको छ ।

आयोगले निर्वाचन आचारसंहिता लागिसकेपछि नयाँ लाइसेन्सको आवेदन माग भएको भन्दै स्पष्टीकरण माग गरेको हो ।

आयोगले शनिबार नेपाल धितोपत्र बोर्ड, बिमा समिति र अर्थमन्त्रालयलाई एक पत्र लेख्दै आचारसंहिता लागेको समयमा खुलेको लाइसेन्स प्रक्रियालाई किन्ने नरोक्ने भनि स्पष्टीकरण माग गरिएको हो । आयोगले ति निकायहरूलाई तिन दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको हो ।

निर्वाचन आचारसंहिता सुरु भइसकेपछि नियमविपरित लाइसेन्स प्रक्रिया खोलिएको भन्दै यसलाई रोक्न केही दिनअघि निर्वाचन आयोगमा उजुरी परेको थियो ।

## आन्तरिक पर्यटक तान्न ‘घुमौं सौराहा’ अभियान

**चितवन–** चितवनको पर्यटकीय क्षेत्र सौराहाका व्यवसायीले आन्तरिक पर्यटन प्रवर्द्धन अभियानमा थालेका छन् । चाडपर्वमा पनि सौराहामा सुनसान भएपछि व्यवसायीले ‘घुमौं सौराहा’ अभियान सञ्चालन गर्ने तयारी थालेका हुन् । यसअघि कोरोना महामारीका कारण गरिएको लकडाउनपछि यहि अभियानका साथ पूर्वका दुई प्रदेशमा व्यवसायी पुगेका थिए ।

अभियानपछि सौराहामा पर्यटकको सफ्या केही बढेको थियो । यस वर्ष पनि चाडपर्व सकिएपछि पुनः घुमौं सौराहा भन्दै देशका सातवटै प्रदेशमा पुग्ने तयारीमा सौराहाका व्यवसायी जुटेका हुन् ।



क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष दीपक भट्टराईले सौराहामा आन्तरिक पर्यटक बढाउन देशव्यापी अभियान सञ्चालन गर्ने तयारी गरेको बताए । उनले यसवर्ष देशका सातै प्रदेश पुग्ने योजना रहेपनि पहिलो चरणमा पाँच प्रदेशमा अभियान सञ्चालन गरिने जानकारी दिए ।

‘कोरोनाका कारण भएको लकडाउनपछि प्रदेश १ र मधेश प्रदेशमा अभियान सञ्चालन गरेका थियौं त्यो प्रभावकारी बन्यो’, उनले भने । यसपटक देशका सबै प्रदेशमा पुगेर त्यहाँका व्यवसायी, सङ्घ संस्थाका प्रतिनिधि, बुद्धिजीवी, नागरिक समाज र पत्रकारसँग छलफल गर्दै सौराहा घुम्न आउनका लागि निमन्त्रणा दिइने उनले बताए ।

भट्टराईका अनुसार अभियानका क्रममा यहाँका पर्यटकीय गतिविधिका दृश्य देखाइनेछ । ‘प्रदेश सरकारले घोषणा गरेको बागमती प्रदेश भ्रमण वर्ष अभियानलाई पनि टेवा पुग्नेगरी ‘घुमौं सौराहा’ का कार्यक्रम सञ्चालन हुनेछन्,’ उनले भने ।

बागमती प्रदेश सरकारले सौराहामा नै कार्यक्रमको आयोजना गरेर बागमती प्रदेश भ्रमण वर्ष सुभारम्भ गरिसकेको छ । ‘घुमौं सौराहा’ अभियानमा छुट प्याकेजकोसमेत घोषणा गरिने भट्टराईले बताए ।

यो समयमा सौराहाका होटलमा खचाखच पर्यटक हुन्थे । व्यवसायीलाई पर्यटकको स्वागतदेखि निकुञ्ज घुमाउन भ्याइनभ्याइ हुन्थ्यो । यतिबेला सौरामा चाडपर्वका कारण केही चहलपहल बढे पनि सन्तोषजनक नरहेको उनले बताए । ‘अहिले २० देखि ३० प्रतिशत पर्यटक मात्र सौराहा आएका छन्, केही विदेशी पर्यटक पनि छन्’, उनले भने । मनसुन सकिएको र जाडोयाम सुरु भएसँगै पर्यटकको संख्या बढ्ने अपेक्षा सौराहाका व्यवसायीले गरेका छन् ।

रेष्टुरेन्ट एण्ड बार एशोसिएशन नेपाल सौराहा (रेवान) का अध्यक्ष नरेश गिरीले सौराहामा पर्यटकको चहलपहल केही बढेको र ‘घुमौं सौराहा’ अभियानले यहाँ आन्तरिक पर्यटक थप बढ्ने अपेक्षा गरे । ‘यही रफ्तारमा बढ्दै गयो भने यहाँ पर्यटकको आवागमन राम्रै हुन्छ’, उनले भने, ‘चुनावका कारण केही समय पर्यटक आगमन केही कम भए पनि चुनाव पछि बढ्नेछ ।’ उनले पछिल्लो समय देशव्यापीरूपमा भएको आर्थिक मन्दीका कारण पनि पर्यटन क्षेत्र चलायमान हुन नसकेको बताए ।

रेवानले सौराहा आउने आन्तरिक पर्यटकलाई लक्षित गरेर नियमित १० प्रतिशत छुट दिइरहेको गिरीले बताए । सौराहाको पार्क सफारी रिसोर्टका निर्देशक योगेश अधिकारीले दसैंसम्म पानी परेका कारण यसवर्ष सिजनमा पनि पर्यटक सौराहा आउन नसकेको बताए । उनले चिनियाँ पर्यटक नेपाल नआएसम्म नेपालको पर्यटकीय क्षेत्र पुरानो लयमा फर्कन नसक्ने बताए । चितवनसँग अन्य जिल्ला जोडिने सडक सञ्जाल राम्रो नहुँदा पनि यहाँको पर्यटन थप चलायमान बन्न नसकेको उनको भनाइ छ ।

नारायणगढ-बुटवल सडकखण्ड विस्तारका क्रममा छ भने नारायणगढ-मुग्लिन सडकखण्डमा पनि यो वर्ष मात्रै दुई दर्जन बढी पटक पहिरो खसेर सडक अवरुद्ध भएको छ । चितवन राष्ट्रिय निकुञ्जमा वन, वनस्पति र वन्यजन्तु अवलोकनका लागि यहाँ पर्यटक आउने गर्दछन् ।

दुर्लभ एकसिंगे गैंडा, बाघ र घडियाल गोही यहाँका मुख्य आकर्षण हुन् । यहाँ हात्ती सफारी, डुंगा सयर, जीप सफारी, पैदलयात्रामार्फत निकुञ्ज र मध्यवर्ती क्षेत्र भ्रमण गराइदै आएको छ । सौराहामा ठूला-साना एक सय ४० होटल छन् भने करिब एक सय रेष्टुराँ सञ्चालनमा छन् । *रासस*

## अझै भएन सयपत्रीको कारोबार

**काठमाडौं (प्रस)–** सयपत्री हाइड्रोपावर लिमिटेडको सेयर स्पेसल प्रि-ओपन सेसनमा धितोपत्र दोस्रो बजारमा कारोबार खुलेन । सयपत्री हाइड्रोपावरको आईपीओ गत बिहीबार नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भएको थियो । नेप्सेले यो कम्पनीलाई एसपीएचएल कारोबार संकेत प्रदान गरेको छ । पहिलो कारोबारका लागि प्रतिकित्ता न्यूनतम ६४.९६ रूपैयाँ र अधिकतममा १९४.८८ रूपैयाँ ओपनिङ रेन्ज तोकेको छ ।

तर, नेप्सेले तोकेको रेन्जभित्र स्पेसल प्रि-ओपन सेसनमा यो कम्पनीको सेयर किनबेच नभएका कारण नियमित समयका लागि खुल्न नसकेको हो । नेप्सेमा कम्पनीको कुल ३० लाख कित्ता सेयर सूचीकृत भएको छ । जसमा संस्थापक समूहको २१ लाख कित्ता, सर्वसाधारणको ६ लाख कित्ता र स्थानीयको ३ लाख कित्ता छन् । यो कम्पनीले गत साउन १३ गतेदेखि साउन १७ गतेसम्म आईपीओ बिक्री गरेको थियो ।

सूचना सूचना सूचना

प्रकाशित मिति : २०७९।०६।३१

विराटनगर महानगरपालिका वडा नं ५ को मिति २०७९।०५।१९ को वडास्तरीय निर्णयानुसार यस वडामा रहेका सरकारी ऐलानी जग्गाहरू कब्जा गरी बसेका व्यक्तिहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र उक्त जग्गाहरू खाली गर्न जानकारी गराइएको छ । अन्यथा नियमानुसार कारवाही हुने व्यहोरा सूचित गरिन्छ ।

विराटनगर महानगरपालिका, वडा नं. ५ कार्यालय, विराटनगर

स्वच्छ खाद्य पदार्थ उपभोगका लागि अनुरोध

- प्याक भएका खाद्य पदार्थहरूको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, ब्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- अस्वभाविक रंग भएका रंगिचंगी खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्बन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर
सम्पर्क नं. ०२१-४७०८२८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ